# नेपाली राजदूतावास
## कुवेत
## Embassy of Nepal
State of Kuwait.

سفارة نيبال
دولة الكويت


# नेपाली राजदूतावास, कुवैतको मेशिन रिडेवल पासपोर्ट जारी सम्बन्धी
# अत्यन्त जरुरी सूचना

नेपाल सरकारको निर्णय बमोजिम अब उप्रान्त मेशिन रिडेवल राहदानी Machine Readable Passport (MRP) जारी गरिने भएकोले परराष्ट्र मन्त्रालय र विदेशस्थित सबै नेपाली कुटनीतिक नियोगहरुबाट २०६७ साल पौष ५ गतेदेखि हस्तलिखित राहदानीहरु र पुस्तिका प्रकार (Book Type) को यात्रा अनुमति पत्र (Travel Document) जारी नगरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मेशिन रिडेवल राहदानीहरु अब उप्रान्त नेपाल सरकार, परराष्ट्र मन्त्रालय, केन्द्रिय राहदानीको कार्यालयले मात्र जारी गर्न सक्ने भएकोले साविकमा जस्तो विदेशस्थित नेपाली राजदूतावासहरु अथवा कुनै पनि नेपाली कुटनीतिक नियोगहरुबाट राहदानी जारी हुन नसक्ने व्यहोरा पनि जानकारी गराइएको छ । अबदेखि नयाँ राहदानीको लागि आवेदन गर्ने नेपाली नागरिकहरुले निम्न बमोजिमको कुराहरुमा ध्यान दिई तोकिएको रित पुर्‍याई दरखास्त पेश गर्नुपर्नेछः

**१) मेशिन रिडेवल पोसपोर्टको लागि दरखास्त फाराम भर्ने तरिकाः**

MRP का लागि निवेदन पेश गर्दा राहदानी दरखास्त फारामलाई कम्प्यूटरमा टाइप गरी प्रिन्ट गरेर दस्तखत गरी दुवै हातको बुढी औंलाको छाप समेत लगाई दुई प्रति फारम संलग्न राखी नेपाली राजदूतावास, कुवैतमा दरखास्त पेश गर्नुपर्नेछ । कम्प्यूटरमा भरी प्रिन्ट गर्न सम्भव नभएमा उक्त फारामलाई गाढा कालो मसीले सफा, शुद्ध र पूर्ण रुपले भरी पेश गर्नु पर्नेछ । दरखास्त फाराम परराष्ट्र मन्त्रालय, केन्द्रीय राहदानी कार्यालयको वेवसाइट www.cpo.gov.np बाट डाउनलोड गर्न सकिनेछ । दरखास्त फाराम भर्ने तरिका सोही वेवसाइटमा उल्लेख छ । प्रिन्ट गरेको वा भरेको फाराम मात्र मेशिनले पढ्न सक्ने हुँदा फाराम भर्दा वेवसाइटमा दिइएका निर्देशनलाई ध्यानमा राखी उक्त निर्देशन पालन गरी राम्रो र सफासँग फाराम भर्नुहुन अनुरोध छ ।

राहदानी दरखास्त फाराममा भरिने विवरण, औंठा छाप तथा हस्ताक्षर डिजिटल प्रविधिद्वारा स्क्यान गरी राहदानी तयार गर्न प्रयोग गरिने हुँदा फाराम भर्दा केरमेट गर्नु हुँदैन अन्यथा अस्वीकृत हुनेछ । दरखास्त फाराममा तोकिएको Applicant's Signature भनेको कोठामा गाढा कालो मसिले निवेदकको पूरा दस्तखत गरिएको हुनुपर्दछ । उक्त दस्तखतको डिजिटल प्रविधिद्वारा फोटो लिई निवेदकको राहदानीमा राखिने हुँदा सो दस्तखत निवेदकले सधैं गर्ने दस्तखतसँग मिल्ने र पूर्ण हुनुपर्नेछ । फरक परेमा निवेदक स्वयम् जिम्मेवार हुनुपर्नेछ ।

**२) मेशिन रिडेवल राहदानीको लागि आवश्यक पर्ने तस्वीरको विवरणः**

**फोटोः** ६ महिना भित्र खिचेको रङ्गिन

**आकारः** ४५ मि.मी.× ३५ मि.मी. (४.५ से.मी. × ३.५ से.मी.)

**पृष्ठभूमिः** सादा र हलुका रङ्ग

**अवस्थितिः** पूर्ण रुपमा अगाडि फर्केको, दुवै कान देखिने, आँखाले क्यामेरा हेरेको, टाउको पूरा र काँधको केही भाग देखिने, छाया (Shadow) नदेखिने, रातो आँखा (Red Eye) नभएको, साथमा अरु व्यक्ति नभएको, मुख बन्द भएको, चहकिलो रङ्गको लुगा नलगाएको ।

**स्वरुपको स्थितिः** अनुहारले ७० देखि ८० प्रतिशतसम्म फोटो ढाकेको ।

**गुणस्तरः** प्रष्ट, उच्च गुणस्तरको, नखुम्चिएको, मसी वा दाग धब्बा नलागेको, स्तरीय कागजमा तथा उच्च Resolution मा छापिएको ।

**चश्मा प्रयोग गर्नु पर्ने भएमाः** आँखा प्रष्ट देखिने, मसिनो फ्रेम, प्रकाश परावर्तन (Reflection) नभएको तथा शिशा रङ्गीन नभएको ।

**शिरपोशः** विशेष धार्मिक, सांस्कृतिक एवम् स्वास्थ्य सम्बन्धी कारण बाहेक टाउको खुला हुनुपर्ने ।

राहदानीको लागि दरखास्त फारामसँगै माथि उल्लिखित विवरण बमोजिमको रङ्गीन तस्वीर मात्र मापदण्ड बमोजिमको हुने हुँदा मापदण्ड नपुगेको तस्वीर राजदूतावासले स्वीकार गर्ने छैन ।

**३) नयाँ राहदानीको लागि आवश्यक कागजात र दस्तुरः**

क) रितपूर्वक भरेको दरखास्त फाराम

ख) पुरानो राहदानीको सक्कल र फोटोकपी

ग) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल वा फोटोकपी



South Surra, Al-Zahra, Block - 8, Street - 804, House No: - 184, Tel.: 25243254/57 جنوب السرة – الزهراء، قطعة ٨، شارع ٨٠٤، رقم الفيلا: ١٨٤، تلفون: ٢٥٢٤٣٢٥٤/٥٧

घ) तोकिएको मापदण्ड बमोजिमको ३ प्रति रङ्गीन तस्वीरहरु र

ङ) राहदानी दस्तुर वापत कुवैती दिनार २६ तिरेको रसिदको पहिलो र दोस्रो प्रति

राहदानीको लागि पेश गरेका कागजातबाट थप बुझ्नु पर्ने अवस्था देखिएमा राजदूतावासले निवेदकलाई सक्कलै नागरिकताको प्रमाणपत्र, कुवैतको भिसाको प्रतिलिपि, आदि समेत पेश गर्ने आदेश दिन सक्नेछ ।

**४) नयाँ राहदानी प्राप्त गर्न लाग्ने समय:**

राहदानीको लागि आवश्यक कागजात सहित रितपूर्वकको दरखास्त र तोकिए बमोजिमको दस्तूर प्राप्त भएपछि मेशिन रिडेवल राहदानी जारी गर्नका लागि दूतावासबाट त्यस्तो कागजात नेपाल सरकार परराष्ट्र मन्त्रालय, केन्द्रीय राहदानीको कार्यालय, काठमाडौं पठाइने छ । केन्द्रीय राहदानी कार्यालय काठमाडौंमा दरखास्त प्राप्त भएको मितिले ६ देखि ८ हप्ता भित्रमा सो कार्यालयले नयाँ राहदानी जारी गर्नेछ । राजदूतावासले दरखास्त फाराम काठमाडौं पठाउने र राहदानी जारी भैसकेपछि केन्द्रीय राहदानी कार्यालयले राहदानी कुवैत पठाउने समय प्राप्त निवेदन संख्यामा भर पर्नेछ ।

**५) राहदानी हराएमा:**

हराएको राहदानीको सट्टामा नयाँ राहदानीको लागि आवेदन गर्दा माथि उल्लिखित कागजातको अलावा स्थानीय प्रहरी कार्यालयले दिएको प्रतिवेदन समेत साथै राख्नु पर्नेछ । तर हराएको राहदानीको म्याद समाप्त भइसकेको भए प्रहरी प्रतिवेदन आवश्यक पर्ने छैन तर त्यसरी हराएको राहदानीको प्रतिलिपि अनिवार्य हुनेछ । हराएको राहदानीको सट्टामा नयाँ राहदानी जारी गर्नुपूर्व हराएको राहदानी नम्बर र जसको नाममा सो राहदानी जारी गरिएको हो सो व्यक्तिको नाम सहितको सूचना नेपाल प्रहरी, नेपालस्थित इन्टरपोल कार्यालय, अध्यागमन कार्यालय तथा नेपालस्थित विदेशी नियोगहरुलाई दिएपछि मात्र केन्द्रीय राहदानी कार्यालयले नयाँ राहदानी जारी गर्नेछ । पुरानो राहदानी र सोको प्रतिलिपि दुवै नभएको विशेष अवस्थामा नागरिकताको सक्कलै प्रमाणपत्र सहित निवेदक राजदूतावासमा स्वयम् उपस्थित भएमा दरखास्त फाराम र नागरिकताको प्रमाणपत्रमा उल्लिखित व्यहोरा, तस्वीर, आदि रुजू गरी कागजातको सत्यता यकिन गर्नुपरेमा आवश्यक छानवीन गरी मात्र नयाँ राहदानी वा यात्रा अनुमतिपत्र प्रदान गर्ने कारवाही अगाडि बढाउन सकिनेछ ।

**६) ट्राभल डकुमेन्ट:**

कुनै नेपाली नागरिकको राहदानी हराएको वा नासिएको कारणले नेपाल फर्कन असमर्थ भएको कारण र प्रमाण सहित राहदानी प्राप्त गर्नका लागि आवश्यक पर्ने प्रकृया पूरा गरी यस राजदूतावासमा निवेदन पेश गरेमा यात्रा अनुमति पत्र (ट्राभल डकुमेन्ट) जारी गर्न सकिनेछ । यात्रा अनुमतिपत्र बहाल रहने अवधि राजदूतावासले तोकबमोजिम हुनेछ ।

**७) अस्थायी राहदानी:**

नेपाली राहदानी वाहकको राहदानी वहाल रहने अवधि समाप्त भएमा, राहदानी हराएमा वा नासिएमा वा झुत्रो भएको कारणले प्रयोग गर्न नसकिने भई नयाँ राहदानी बनाउनको लागि निवेदन दिएमा केन्द्रीय राहदानी कार्यालय, काठमाडौंबाट मेशिन रिडेवल राहदानी जारी भई राजदूतावासमा प्राप्त नहुन्जेल सम्मका लागि राजदूतावासबाट अस्थायी राहदानी जारी गर्न सकिनेछ । अस्थायी राहदानी जारी भएको मितिबाट सामान्यतया छ महिनासम्म वहाल रहने छ । निवेदकलाई नयाँ राहदानी प्रदान गर्दा राजदूतावासले आफूले जारी गरेको अस्थायी राहदानी खिची रद्द गर्नेछ ।

**८) नयाँ राहदानी आवश्यक नपर्ने:**

२०६७ पौष ४ गते तदनुसार १९ डिसेम्बर २०१० का दिनसम्म जारी भएका हस्तलिखित राहदानीहरुमा उल्लिखित वहाल रहने अवधिसम्म मान्य हुने हुँदा ६ महिना भन्दा बढी म्याद बाँकी भएका हस्तलिखित राहदानीहरुको पाना प्रयोग भइसकेको अवस्थामा वाहेक मेशिन रिडेवल राहदानीको लागि निवेदन गर्न आवश्यक हुनेछैन ।

**९) एउटै दरखास्त फाराम:**

ट्राभल डकुमेन्ट र अस्थायी राहदानीको लागि आवेदन गर्दा पनि राहदानीको लागि तोकिएकै दरखास्त फाराम भर्नु पर्नेछ ।

**१०) दोब्बर दस्तुर:**

विशेष परिस्थिति परेकोमा बाहेक पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानीमा क्षति पुऱ्याएको वा हराएको कारणले नयाँ राहदानी जारी गर्नुपर्दा त्यस्तो राहदानी वापत दोब्बर दस्तुर लाग्नेछ ।

**नेपाली राजदूतावास**
**अल जहारा, कुवैत**
**मिति: ०६ पुष, २०६७**